# नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह एम. एड. दोस्रो वर्ष (Ed. PM. 598) को आंशिक आवश्यकता पूरा गर्नको निम्ति प्रस्तुत

## शोधपत्र

**शोधकर्ता**

हेमबहादुर ठकुरी

एम.एड. दोस्रो वर्ष

त्रि.वि. दर्ता नं. ५५६९-८६

परीक्षा रोल नं. २१४००५८

क्याम्पस रोल नं. १५४

शैक्षिक वर्ष २०६३/०६४

श्री सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ

चैत्र, २०६९

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नातकोत्तर तह ( एम. एड ) दोस्रो वर्षमा अध्ययन गर्ने छात्र हेमबहादुर ठकुरीले **नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन** शीर्षकमा प्रस्तुत गरेको शोधपत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावको आधारमा तयार पार्नु भएको हो । निर्दिष्ट शोधढाँचामा तयार गरिएको उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो । प्रस्तुत शोधपत्रलाई शोधपत्र मूल्याङ्कन समितिमा प्रस्तुत गर्न सिफारिस गर्दछु ।

...........................

लक्ष्मीकुमार श्रेष्ठ

शोधनिर्देशक

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपूर, मोरङ

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नातकोत्तर तह (एम. एड्) दोश्रो वर्षमा अध्ययन गर्ने छात्र हेमबहादुर ठकुरीले **नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन** शीर्षकमा प्रस्तुत यो शोधपत्र मूल्याङ्कन समितिवाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | |
| २. | लक्ष्मीकुमार श्रेष्ठ | शोधनिर्देशक | |
| ३. | भोजराज घिमिरे | सदस्य | |
| ४. | | बाह्य परीक्षक | |

मितिः- २०६९ चैत्र

**कृतज्ञताज्ञापन**

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यस्थापन विषयमा स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नका लागि **नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरी यो शोधपत्र प्रस्तुत गरेको छु । शोध प्रस्ताव स्वीकृत गरी शोधकार्य गर्ने अवसर प्रदान गर्नुहुने शैक्षिक योजना तथा व्यवस्थापन विभाग सुकुना बहुमुखी क्याम्पसका विभागीय प्रमुख तथा उप-प्राध्यापक श्री लक्ष्मी कुमार श्रेष्ठप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो शोधपत्र तयार गर्ने क्रममा प्रस्तावना लेखनदेखि नै मार्ग निर्देशन, सुझाव एवं सहयोग गर्नु हुने शोध निर्देशक गुरु श्री लक्ष्मीकुमार श्रेष्ठ ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गतका सम्पूर्ण गुरुहरू प्रति पनि सहयोगको लागि हार्दिक आभार प्रकट गर्दछु । तथ्याङ्क संकलन गर्ने क्रममा आवश्यक पर्ने सूचना जानकारी एवम तथ्याङ्कहरू उपलव्ध गराई सहयोग पुऱ्याउने कल्याणकारी मा.वि., सिंहदेवीका प्र.अ. श्री बसन्तकुमार खाण ठकुरी तथा शिक्षक श्री कृष्णबहादुर ठकुरी, लक्ष्मी प्रा.वि.का प्र.अ. श्री कुमारी खड्का (ठकुरी), पञ्चकन्या प्रा.वि. का प्र.अ. श्री खड्गबहादुर लिम्बू तथा शिक्षक श्री यमबहादुर ठकुरी, पूर्व गा.वि.स.अध्यक्ष तथा कल्याणकारी मा.वि.सिंहदेवीका वि.व्य.स.अध्यक्ष श्री डिल्लीराम शर्मा र नेकपा (एमाले) गा.क. सिंहदेवीका अध्यक्ष श्री प्रेम लिम्बू लगायत सम्पूर्ण शिक्षक शिक्षिकाहरू, अभिभावक, विद्यार्थी, बुद्धिजीवि, वि.व्य.स. र शिक्षक अभिभावक संघका पदाधिकारी ज्यूहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोध पत्रलाई अन्तिम रूप दिन कम्प्युटर सेटिङ गरी सहयोग पुऱ्याउने होराइजन कम्प्युटर इन्टिच्यूट इन्द्रपुर- १, खोर्सानेका प्रोप्राइटर अश्विनप्रसाद उप्रेती र धर्मेन्द्र दुलालले सुरुदेखि अन्त्यसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याइदिनु भएकोमा म उहाँहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

हेमबहादुर ठकुरी

## शोधसार


यो शोधपत्रको शीर्षक **नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन** रहेको छ । यस अध्ययनका उद्देश्यहरू प्राथमिक तहका नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गर्नु रहेको छ ।

यस अध्ययनमा आवश्यक सूचनाहरू संकलन गर्नका लागि सर्वेक्षण विधिमा आधारित गुणात्मक र परिमाणात्मक दुवै विधि अपनाइएको छ । अध्ययनका लागि मोरङ जिल्ला केराबारी स्रोत केन्द्र अन्तर्गत सिंहदेवी गा.वि.स.का विद्यालयहरू, प्र.अ.हरू, शिक्षक तथा विद्यार्थीहरू र अभिभावकहरूलाई जनसंख्याको रूपमा लिइएको छ भने सोही गा.वि.स.का ३ वटा विद्यालय, ३ जना प्र.अ., ६ जना अभिभावक र १२ जना विद्यार्थीलाई उद्देश्यमूलक विधिका आधारमा छनौट गरी नमुनाको रूपमा लिइएको छ । तथ्याङ्क संकलनका लागि प्रश्नावली, अन्तर्वार्ता सूची, लक्षित समूह छलफल निर्देशिका, अवलोकन  फारम र सर्वेक्षण फारम जस्ता साधनहरूको प्रयोग गरिएको छ ।

यस अनुसन्धान कार्यबाट प्राप्त भएका मुख्य प्राप्तिहरूमा नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूले प्राप्त गरेको विषयगत प्राप्तांकको औसतलाई हेर्दा गणित बाहेक सबै विषयहरूमा इतर नेपाली मातृभाषी बालबालिकाहरूको उपलब्धि स्तर कम भएको पाइयो । नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको प्राप्ताङ्कमा सबैभन्दा बढी भिन्नता नेपाली विषयमा र सबैभन्दा कम भिन्नता अंग्रेजी र गणित विषयमा पाइयो । अध्ययन क्षेत्रका इतर नेपाली मातृभाषी बालबालिकाहरूलाई नियमित रूपमा विद्यालय जान मन लागेता पनि घरको काम गरी रहनु पर्ने, कमजोर आर्थिक अवस्था, प्रेरणाको अभाव, अभिभावकको शिक्षाप्रतिको चेतनाको कमी, पारिवारिक, सामाजिक, सांस्कृतिक कारणले गर्दा विद्यालयमा नियमित उपस्थिति नभई सिकाइ उपलब्धि कमजोर रहेको पाइयो ।

त्यसै गरी घरायसी समस्या रहेको, अभिभावकको चेतनाको कमी, भाषिक कठिनाई, मातृभाषामा शिक्षण नभएको, कमजोर आर्थिक अवस्था, पारिवारिक, सामाजिक, सांस्कृतिक कारण आदि जस्ता प्रमुख समस्याहरूलाई समाधान गर्नका लागि मातृभाषामा शिक्षण गर्नु पर्ने, इतर नेपाली मातृभाषी बालबालिकाहरूका लागि थप कक्षा सञ्चालन जस्ता विशेष कक्षाको

व्यवस्था गर्नु पर्ने, विद्यार्थी केन्द्रित विधिद्वारा शिक्षण गर्नुपर्ने, शिक्षक तालिमको व्यवस्था गरी प्रभावकारी शिक्षण विधि लागू गर्नु पर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्नु पर्ने, विद्यार्थी संख्या र कक्षागत रूपमा शिक्षक दरवन्दीको व्यवस्था गर्नु पर्ने, कोचिङ कक्षा, गरिब तथा जेहेन्दार इतर नेपाली मातृभाषी विपन्न बालबालिकाहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने जस्ता मुख्य सुझावहरू यस शोधपत्रमा समावेश गरिएका छन् ।

# विषयसूची


| | | |
|---|---|---|
| | | पृष्ठ |
| सिफारिस पत्र | | क |
| स्वीकृति पत्र | | ख |
| कृतज्ञता ज्ञापन | | ग |
| शोधसार | | घ |
| संक्षिप्त रूपरेखा | | च |
| तालिका सूची | | ञ |
| रेखाचित्र सूची | | ट |
| **परिच्छेद एक : परिचय** | | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ५ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरू | ६ |
| १.६ | अध्ययनको परिसीमाहरू | ६ |
| १.७ | प्रयोग गरिएका शब्दको परिभाषाहरू | ७ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | | |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२ | सैद्धान्तिक खाका | १३ |
| २.३ | पुनरावलोकनको उपदेयता | १५ |
| **परिच्छेद तीन : अध्ययन विधि** | | |

३.१ अनुसन्धानको ढाँचा १७
३.२ जनसंख्या १७
३.३ नमूना छनौट १७
३.३.१ नमुनाका आकार १७
३.३.२ नमुना छनौट विधि १८
३.३.३ नमुना छनौट आधार १८
३.४ अनुसन्धानात्मक साधनहरू १९
३.४.१ प्रश्नावली १९
३.४.२ अन्तर्वार्ता सूची (प्रश्नावली) १९
३.४.३ लक्षित समूह छलफल निर्देशिका १९
३.४.४ अवलोकन फारम १९
३.४.५ सर्वेक्षण फारम २०
३.५ तथ्याङ्कका स्रोतहरू २०
३.६ तथ्याङ्क संकलन विधि २०
३.७ तथ्याङ्क विश्लेषण विधि २१

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या**

४.१ नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी विद्यार्थीहरूको सिकाइ उपलब्धि २२
४.१.१ नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी विद्यार्थीहरू २२
४.१.२ नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी विद्यार्थीले प्राप्त गरेको विषयगत प्राप्ताङ्कको स्थिति २३
४.२ सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन २३
४.२.१ इतर नेपाली मातृभाषी र नेपाली मातृभाषी बालबालिकाहरूको प्राप्ताङ्कको तुलनात्मक स्थिति २४
४.२.२ सिकाइ उपलब्धिको तुलनात्मक स्थिति २६
४.२.३ इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिमा

प्रभाव पार्ने तत्वहरू २७
४.३ सिकाइ उपलब्धि र मातृभाषासँग सम्बन्धित समस्याहरू ३०
४.३.१ आर्थिक समस्या ३१
४.३.२ सामाजिक समस्या ३१
४.३.३ शैक्षिक समस्या ३२
४.४ सिकाइ उपलब्धि बढाउने उपायहरू ३२

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ३९
५.२ निष्कर्ष ४०
५.३ सुझावहरू ४१
*सन्दर्भग्रन्थ सूचीहरू*
*अनुसूचीहरू*

# तालिका सूची


| | | पेज नं. |
|---|---|---|
| १ | नेपाली र इतर नेपाली मातृभाषी बालबालिकाहरूको विवरण | १८ |
| २ | नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको विषयगत सिकाइ उपलब्धिको तुलना | २३ |
| ३ | नेपाली मातृभाषी  र इतर नेपाली मातृभाषी विद्यार्थीहरूको विषयगत औसत प्रतिशत प्राप्ताङ्कको तुलनात्मक स्थिति | २५ |
| ४ | मध्यक, मध्यिका र स्तरीय भिन्नता तथा स्तरीय भिन्नताको गुणाङ्कको आधारमा सिकाइ उपलब्धिको तुलनात्मक स्थिति | २७ |
| ५ | इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू | २८ |
| ६ | सिकाइ उपलब्धि बढाउने उपायहरू | ३३ |

# चित्र सूची


पेज नं.

| | | |
|---|---|---|
| १ | नेपाली मातृभाषी र इतर नेपाली मातृभाषी बालबालिकाहरूको प्राप्ताङ्कको तुलनात्मक स्थिति | २६ |
| २ | इतर नेपाली मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू | २९ |
| ३ | सिकाइ उपलब्धि बढाउने उपायहरू | ३४ |
| ४ | सिकाइ उपलब्धि बढाउने उपायहरू | ३५ |

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.संघ | शिक्षक अभिभावक संघ |
| गा.वि.स | गाउँ विकास समिति |
| न.पा. | नगरपालिका |
| वि.स. | विक्रम सम्बत |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| सं. | सङ्ख्या |